नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, बर्दिया
जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र (DEOC),

SitRep #5

## २०७७ साल मंसिर महिनामा विपदबाट भएका घटनाको विवरण

| क्रस | विपद्को प्रकार | जम्मा घटना संख्या | प्रभावित जम्मा घर | प्रभावित घर धुरी | | मानविय क्षति | | गोठ क्षति | चौपाया | | अनुमानीत क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुर्ण | आंशिक | मृत्यू | घाइते | | मृत्यु | घाइते | |
| १ | आगलागी | ९ | ४ | ३ | ३ | ० | ० | ३ | ११ | ० | ० |
| २ | बन्यजन्तु आक्रमण | ३ | ० | ० | ० | ० | १ | ० | ० | ५ | ४२००० |
| ३ | सडक दुर्घटना | ७० | ० | ० | ० | ४ | १४८ | ० | ० | ० | ० |
| ४ | पानीमा डुवी | २ | ० | ० | ० | १ | १ | ० | ० | ० | ० |
| ५ | करेन्ट | १ | ० | ० | ० | ० | २ | ० | ० | ० | ० |
| | जम्मा | ८५ | ४ | ३ | ३ | ५ | १५२ | ३ | १४ | ५ | ९१७००० |

**सारांश:**

२०७७ साल मंसिर महिना भरी विपद् का विभन्न ८५ वटा घटना घटेका थिए । यस महिना भरी आगलागी, वन्यजन्तुको आक्रमण, सडक दुर्घटना, पानीमा डुबी र करेन्ट जस्ता विपद्का कारण हुने घटनाहरु भएका छन् । जस मध्ये मानविय क्षतीमा ५ जनाको मृत्यु भएको छ भने घाइते हुनेको संख्या १५२ जना रहेको छ । आगलागीका कारण ३ वटा गोठमा क्षति भएको थियो । चौपाया तर्फ मृत्यु संख्या ११ रहेको छ । यसरी यस महिनाको अबधीमा भएका विपदका घटनाहरु मार्फत कुल अनुमानित क्षती रकम रु.९१७०००।- रहेको छ ।

यस महिना विभिन्न घटना मध्ये सडक दुर्घटना अन्य घटनाको तुलनामा धैरै घटेको छ । भने करेन्टको घटना तुलानात्मक रुपमा अन्य घटना भन्दा न्यून रहेको छ । यसरी क्रमश: आगलागी, पानीमा डुबि र करेन्टका कारण हुने घटना घटेका थिए ।



घटनाः ८५ मृत्युः ५ घाइतेः १५२ मृत्युः १४ अनुमानित क्षतीः ९१७००००

**विस्तृतः**

**आगलागीः**

मंसिर महिनामा आगलागी बाट ९ वटा घटना घटेको थियो । जिल्लाका विभिन्न स्थानमा बिधुतीय लाईन सट हुँदा, ग्याँस सिलिन्डर पड्किँदा, चुलोमा बालेको आगो सल्किन गइ, लगाएता कारणले आगलागीका घटना भएको थियो । जसमध्यः राजापुर नगरपालिका वडा नं १० करमोनीमा एक स्थानीयको घरमा एक्कासी आगलागी हुँदा घर सहित घरमा रहेका अन्य सामाग्री जली नष्ट भएको थियो । यस्तै ठाकुरबाबा नगरपालिका वडा नं ६ मा एक स्थानीयको गोठमा एक्कासी आगलागी हुँदा गोठ क्षती भएको थियो । राजापुर नगारपालिका वडा नं १ छोट्की दौलतपुरमा स्थानीयको कच्ची घरमा आगलागी हुँदा पुर्णरुपमा क्षती भएको र सोही आगो फैलीएर छिमेकीको कच्ची घरमा पनि आगो लागी आंशिक रुपमा क्षती भएको जानकारी आएको थियो । आगलागीकै घटना मध्ये बारबर्दिया नगरपालिका वडा नं १ जमुनियामा स्थानीयको घरमा पुजा गर्न बालेको बत्ती सल्केर आगलागी हुँदा घर आंशीक रुपमा क्षती भएको थियो । ठाकुरबाबा नगरपालिका वडा नं १ मा अचानक गोठमा आगलागी हुँदा गोठ क्षति भएको र बढैयाताल गाउँपालिका वडा नं ९ बनशक्तीमा स्थानीयको कच्ची घरमा एक्कासी आगलागी हुँदा कुखुरा ४ वटा र हाँस ७ वटा सहित घर पुर्ण रुपमा क्षती भएको थियो । गेरुवा गाउँपालिका वडा नं २ उल्टन पुरमा भैंसीलाई न्यानो बनाउन बालेको आगो गोठमा सल्कन जाँदा आगलागी भइ गोठ क्षती भएको र बढैयताताल गाउँपालिका वडा नं ८ दैलेखीटोलमा खरले छाएको कच्ची घरमा भान्छा कोठाको चुलाबाट आगो सल्कँदा घरमा आगलागी भइ पुर्ण रुपमा क्षती भएको थियो ।

**बन्यजन्तु आक्रमणः**

यस महिना बन्यजन्तु आक्रमणका कारण ३ वटा घटना घटेका थिए । केही प्रतिनिधिमुलक घटना मध्यः राजापुर नगरपालिका वडा नं १० मझेरामा स्थानीयको घरमा बाँधी राखेको २ वटा गोरुलाई बाघले आक्रमण गरि मारेको थियो । मधुवन नगारपालिका वडा नं ४ महुवामा स्थानीयको घरमा बाघ आइ आक्रमण गर्दा बाँधी राखेको ३ वटा भेडाँ घाइते र १ वटा मृत्यु भएको थियो । र सोही बाघले छिमेकीको घरमा गइ एक वटा बाख्रा र १ वटा खसीलाई आक्रमणी गरी घाइते बनाएको थियो । यस्तै मधुवन नगरपालिका वडा नं ५ गाउँ नम्बर १०

स्थित स्थानीय बनमा बाख्रा चराउन जाँदा एक महिलालाई बाघले आक्रमण गरि घाइते बनाएको थियो ।

**सडक दुर्घटनाः**

यस महिनाको अबधिमा सडक दुर्घटनाका घटना अन्य घटनाहरु भन्दा धेरै घटेको थियो । यस विच ७० वटा घटना घटेका थिए । धेरै जसो सडकदुर्घटना सवारी साधन अनियन्त्रीत भएर हुने गरेको देखिन्छ । बाटोमा रोकीरहेको गाडिमा अनियन्त्रित भै ठोकीने तथा गाडीको टाएर पन्चर भइ अनियन्त्रित हुँदा पनि सडक दुर्घटना भएको थियो । जसमध्यः राजापुर नगरपालिका वडा नं १० मंगलपुरमा मोटरसाइकल अनियन्त्रीत भइ साइकल यात्रीलाई ठक्कर दिंदा १ जना साइकल यात्री हाइते भएका थिए । बाँसगढी नगरपालिका वाडा नं ८ ककौरा चोकमा म्याजीक गाडिले मोटरसाइकललाई र साइकल यात्री लाई ठक्कर दिंदा २ जना घाइते भएका थिए । ठाकुरबाबा नगरपालिका वडा नं १ भुरीगाउँमा टयाक्सी र मोटर साइकल ठक्कर हुँदा टयाक्सी चालक घाइते भएका थिए । ठाकुरबाबा नगरपालिका वडा नं २ बलातीमा मोटरसाइकले पैदल यात्रीलाई ठक्कर दिंदा पैदल यात्रीको खुट्टा भाँचीएको थियो । गुलरिया नगरपालिका वडा नं १ गाउँनम्बर चौध मा उइंगरको पछाडि भागको टाएर पट्कीएर अनियन्त्रीत भइ पल्टदा १३ जना सवार घाइते भएका थिए । यस्तै राजापुर नगरपालिका वडा नं १० पहाडिपुरमा मोटर साइकल अनियन्त्रीत भै बाटोमा रोकिराखेको टयाक्टरमा ठोकिंन जाँदा मोटरसाइकल चालक घाइते भएको र बाँसगढीनगारपालिका वडा नं ५ हाउपुरमा पर्ने महेन्द्र राजमर्गमा कारले पैदलयात्रीलाई ठक्कर दिंदा पैदल यात्री घाइते भएका थिए । ठाकुरबाबा नगरपालिका वडा नं २ बलौंती चोकमा पावर टेलरमा अटो ठोकिंदा अटो चालक र अटोमा सवार २ जना घाइते भएका थिए । यसरी मधुवन नगारपालिका वडा नं ४ माचड चोकमा टिप्पर र कार एक आपसमा ठोकींदा ४ जना घाइते भएका थिए र १ जनाको मृत्यु भएको थियो । ठाकुरबाबा नगरपालिका वडा नं २ बलौंती चोकमा पैदल यात्रीलाई बाटो काट्ने क्रममा गाडीले ठक्कर दिंदा पैदल यात्रीको घटना स्थलमा मृत्यु भएको थियो । बारबार्दिया वडा नं ८ थानेफेनामा मोटर साइकल र बस एकआपसमा ठक्कर हुँदा मोटर साइकल चालकको घाइते भइ उपचार गराउने क्रममा मृत्यु भएको थियो । यस्तै गुलरिया नगरपालिका वडा नं १ खैरापुरमा बस अनियन्त्रीत भइ दुर्घटना हुँदा बसमा सवार ३३ जना घाइते भएका थिए ।

**करेन्टः**


यस महिनामा करेन्टबाट हुने घटना एउटा घटेको छ । जुन गेरुवा गाउँपालिका वडा नं ३ शान्तिबजारमा घरढलानका लागि प्रयोग हुने मिक्सचर सार्ने क्रममा विजुलीको तार मिक्सचरमा छुँदा करेन्ट लागि २ जना घाइते भएका थिए ।

**पानीमा डुबीः**

यस महिनाको अबधीमा जिल्लामा पानिमा डुबेर हुने घटना २ वटा घटेका थिए । जसमध्ये बाँसगढी नगरपालिका वडा नं ७ चौधरीपुरमा एक बालिका आँगनमा खेलीरहेको अबस्थामा घर

नजिक पानि जमेको खाल्डोमा परी घाइते भएको । अर्को एक जना नहरमा मृत अबस्थामा फेला परेको जानकारीमा आएको थियो ।

### घटनाको प्रतिशतमा विश्लेषण:





यस महिनाको घटनाको विश्लेषण गर्दा पाँच प्रकारका विपद्का घटनाहरु घटेका थिए । जसमध्ये सडक दुर्घटना कुल घटनाको ८२ % ले अत्याधिक रुपमा घटेको थियो । यस पछि आगलागीको प्रतिशत ११ रहेको छ भने बन्यजन्तु आक्रमण ४ %, पानीमा डुबेर हुने घटना २ % र करेन्ट बाट हुने घटनाको प्रतिशत १ रहेको छ ।

### प्रतिकार्य:

- जिल्लामा रहेका कर्णाली र बबई नदिहरुको जल सतहको स्थितीबारेमा निरन्तर रुपमा जोखीम क्षेत्रमा रहेका स्थानीयहरुलाई जानकारी गराइएको छ ।
- शित लहर सम्बन्धी जनचेतना मुलक सन्देश विभिन्न रेडीयो मार्फत प्रशारण गरिदै ।
- विभिन्न विपद् बाट प्रभावितलाई राहात वितरण गरिएको ।

अनुसुची १

मंसिरमहिनाको घटना विवरण बार डायग्राममा प्रस्तुतिः



अनुसुची २

यस मिहनाको प्रतिवेदन नंक्साङ्कनमा प्रस्तुतीः

